चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः १

मितिः २०८३/०५/०५ गते शुक्रबार बैठक प्रारम्भः बिहान १०:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको दोस्रो बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहँरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उप-प्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. का.वा. वडाध्यक्ष) | श्री नरेन्द्र भट्टराई | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्या

मितिः २०८३/०५/०५ गते शुक्रबार                                   बैठक प्रारम्भः बिहान १०:०० बजे

प्रस्तावहरूः

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।

२. विपद् राहत सम्बन्धमा ।

३. विद्यालय सहायक कर्मचारी कार्यविधि,२०८३ एवं आमा तथा नवजात शिशु सुरक्षा सेवा संचालन कार्यविधि,२०८३ सम्बन्धमा ।

४. विविध ।

क. जग्गा वर्गीकरण संशोधन सम्बन्धमा ।

ख. पूर्व स्वीकृति सम्बन्धमा ।

ग. चैनपुर-७ वडाको बाँकी भुक्तानी सम्बन्धमा ।

घ. गाडी मर्मत सम्बन्धमा ।

ङ. O & M सम्बन्धमा ।

च. एम्बुलेन्स खरिद सम्बन्धमा ।

छ. कार्यालय सहयोगी विज्ञापन सम्बन्धमा ।

ज. भण्डारी मोड देखि चुवाडे खोल्सी भीरको पहिरो व्यवस्थापन सम्बन्धमा

झ. चैनपुर ५ ददीबारी लामा गाउँ ढुङ्गेवेशी सडक मर्मत सम्बन्धमा ।

ञ. विपद् अध्ययन समिति गठन सम्बन्धमा ।

ट. न्यायिक समिति सल्लाहकारको म्याद थप सम्बन्धमा ।

ठ. नुनढाकी तातोपानी धार्मिक तथा पर्यटकीय क्षेत्र उपभोक्ता समितिको रकम भुक्तानी सम्बन्धमा ।

ड. जात्रा पर्व सम्बन्धमा ।

ढ. उखुमा लाग्ने रोग सम्बन्धमा ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः२

मितिः २०८३/०५/०५ गते शुक्रबार                    बैठक प्रारम्भः बिहान १०:०० बजे

निर्णयहरूः

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा २०८३।४।२५ गते बसेको कार्यापालिका बैठकको समिक्षा गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको विभिन्न वडाहरुमा वर्षासँगै आएको वाढी पहिरो लगायत अन्य विपदको कारण क्षति भई राहतका लागि निवेदन पेश भएको हुँदा देहाय बमोजिमका संघसंस्था, परिवार तथा व्यक्तिलाई राहत सहयोग प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम थर | ठेगाना | सहयोग रकम रु. | विपदको प्रकृति | कै. |
|---|---|---|---|---|---|
| १ | श्री चन्द्रमायाँ कटुवाल | चैनपुर-१० | रु.३५०००। | वर्षाको कारण घरक्षति | |
| ३ | दिलकुमारी भवन | चैनपुर ६ | रु.३५९०००। | अगाडीको रिटेनिङ बाल भत्केको | बाल निर्माण गर्ने |
| ४ | देवीप्रसाद राई | चैनपुर ५ | रु.४०,०००। | आगलागी | |
| ५ | मित्रलाल लिम्वु | चैनपुर १ | रु.१००००। | पहिरोले क्षति | |
| ६ | हिक्मत लिम्वु | चैनपुर १ | रु.१००००। | पहिरोले क्षति | |
| ७ | लोकमणी लिम्वु | चैनपुर १ | रु.१००००। | पहिरोले क्षति | |
| ८ | सिंहबहादुर लिम्वु | चैनपुर १ | रु.१००००। | पहिरोले क्षति | |
| ९ | कालीवहादुर मगर | चैनपुर ७ | रु.१००००। | पहिरोले क्षति | |
| १० | विष्णु मायाँ अधिकारी खड्का | चैनपुर ११ | रु.१५०००। | उपचार खर्च | |

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षा नियमावली,२०५९ को १० औं संशोधन बमोजिम नियम १४४ (ख) को उपनियम ३ बमोजिम निर्माण भएका श्री शारदा माध्यमिक विद्यालय खराङ्गको विद्यालय सहायक कर्मचारी नियुक्ति तथा अवकास कार्यविधि,२०८३ र श्री सरस्वती माध्यमिक विद्यालय चैनपुर ६ को विद्यालय सहायक/प्रशासनिक सहायक कर्मचारी सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।साथै आमा तथा नवजात शिशु सुरक्षा सेवा संचालन कार्यविधि,२०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** विविध



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण कुमार तामाङ
नगर प्रमुख

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः२

मितिः २०८३/०५/०५ गते शुक्रबार बैठक प्रारम्भः विहान १०:०० बजे

क. चैनपुर नगरपालिका वडा नं.-६ साविक चैनपुर-४ का रश्मी श्रेष्ठको नाममा दर्ता कायम रहेको कि.नं. १२१० र १३०५ क्षेत्रफल २६३ र १६८ ब.मि.को जग्गा वर्गीकरण छुट भएको हुँदा भू-वर्गीकरण नियमावली अनुसार आवासीय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

ख. चिकित्सा शिक्षा स्नातक तहका शैक्षिक कार्यक्रमहरुमा विद्यार्थी भर्नाका लागि लिइने एकिकृत प्रवेश परिक्षा (MECEE-BL2027) को अनलाइन आवेदन फाराम आह्वान सम्बन्धी मिति २०८३।०४।२१ गतेको सूचना अनुसार सो परिक्षामा सामेल हुन पूर्वस्वीकृति श्री हिमालराज ढकालले निवेदन पेश गरेको भएता पनि यस अगाडी मिति २०८२।१२।१२ गतेको कार्यपालिकको निर्णयानुसार ३ जना स्वास्थ्यकर्मीहरु अध्ययन विदामा रहनु भएको हुँदा निजहरु फर्किएर नआए सम्म पूर्व स्वीकृति दिने नसकिने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका वडा नं.-७ वडा कार्यालयको आर्थिक वर्ष २०८२।०८३ को वडा कार्यालय उदघाटन तथा जेष्ठ नागिरक सम्मान कार्यक्रमको भुक्तानी बाँकी रकम रु.१२१००२। नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

घ. चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय नाममा रहेको टाटा जेनोन्नको को १ झ ५१२ बिग्रिएको हुँदा उक्त गाडी मर्मतका लागि प्राविधिक स्टिमेट बमोजिम रु.१९००००। मर्मत संम्भार गर्ने निर्णय गरियो

ङ. चैनपुर नगरपालिका तथा नगर अस्पताल एवं स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M मूल्याङ्कनको लागि पेश हुँदा मुख्यमन्त्री तथा मन्त्री परिपद्को कार्यालय कोशी प्रदेश सरकारबाट प्राप्त राय समेतलाइ मध्यनजर गरी शहरी स्वास्थ्य केन्द्र परेवा डाँडा स्वस्थ्य संस्था आवश्यक नपर्ने भएको हुँदा यस अगाडी तयार भएको O&M मा उक्त संस्था बाहेकका संस्था र संरचना कायम गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी पुन मुल्याकंनको लागि मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय पेश गर्ने निर्णय गरियो ।

च. चैनपुर नगर अस्पतालका लागि ख वर्गको एम्वुलेन्स खरिदको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

छ. चैनपुर नगरपालिका आयुर्वेद औषधालयका लागि १ जना कार्यालय सहयोगीको विज्ञापन गर्ने निर्णय गरियो ।

ज. चैनपुर नगरपालिका वडा नं.-९ को भण्डारी मोड देखि चुवाडे खोल्सी भीरको पहिरो व्यवस्थापन गर्दा प्रविधिक स्टिमेट बमोजिम भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. २०८३/०८४ को का.पा. बैठक संख्याः२

मितिः २०८३/०५/०५ गते शुक्रबार बैठक प्रारम्भः बिहान १०:०० बजे

झ. चैनपुर नगरपालिका वडा नं.-५ स्थित ददीबारी लामागाउँ ढुङ्गेवेशी सडक पहिरोका कारण अवरुद्ध भएको हुँदा उक्त सडक प्राविधिक स्टिमेट बनाई विपद् शीर्षकबाट सडक मर्मत गर्ने निर्णय गरियो ।

ञ. बर्षाको कारण नगरपालिकाको विभिन्न क्षेत्रमा भएको क्षतिको कारण राहतको माग भइ आएका निवेदन उपर अनुगमन तथा छानविन गरि क्षतिपुर्ति/राहत सिफारिस गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो

| | | |
|---|---|---|
| १. | श्री कृष्ण कुमार तामाङ | संयोजक |
| २. | श्री सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ३. | श्री मञ्जु न्यौपाने | सदस्य |
| ४. | कुशल सुवेदी (इन्जिनियर) | सदस्य |
| ५. | महेश गौतम (फोकल पर्सन) | सदस्य सचिव |

ट. न्यायिक समिति सल्लाहकारमा श्री उमेश शाक्यलाइ सविक बमोजिमकै सेवा सर्त र सुविधामा यस आर्थिक वर्ष २०८३।०८४ को लागि म्याद थप गर्ने निर्णय गरियो ।

ठ. नुनढाकी तातोपानी धार्मिक तथा पर्यटकीय क्षेत्र उपभोक्ता समितिको रकम भुक्तानी सम्बन्धमा सम्मानित संखुवासभा जिल्ला अदालतको फैसला उपर पुनरावेदन जाने निर्णय गरियो ।सो कार्यको जिम्मेवारी अधिवक्ता पर्शुराम रिजाललाई दिने निर्णय गरियो ।

ड. चैनपुरमा गाईजात्रा पर्व संचालन गर्न समाज सेवा युवा क्वल चैनपुरले निवेदन पेश गरेको हुँदा उक्त गाईजात्रा पर्व संचालन तथा व्यवस्थापनका लागि रु.२,००,०००। दुई लाख मात्र प्रस्तावना स्वीकृत गरि संझौता गरि खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

ढ. चैनपुर नगरपालिका वडा नं.-८ मा उखु सुक्ने तथा डडेलो लाग्ने रोग देखा परेकोले सो सम्बन्धमा अनुसन्धान गर्न उखु अनुसन्धान केन्द्र बाराबाट प्राविधिक बोलाउने साथै उक्त कार्य गरे वापत नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक ३:०० बजे यही अन्त्य गरियो ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।